# हलिया मुक्तिका सय दिन

## १. पृष्ठभूमी

दलित समुदाय जातका आधारमा हुने छुवाछूत र विभेदका अतिरिक्त हलिया, लगि, कमरा, कमारी वालीघरे, खलो, डोली, हरुवा, चरुवा जस्ता प्रथाहरुबाट सदियौदेखि सामाजिक, आर्थिक रुपमा शोषित र उत्पीडित छन् । हलियाप्रथा नेपाली समाजको त्यस्तो प्रथा हो जसले एक मानवलाई गरिवीका कारण आफ्नो गुजाराका लागि लिएको ऋण र त्यसको ब्याज तिर्न पुस्तौं पुस्तासम्म बँधुवा मजदुरको रुपमा साहुको खेतबारी जोत्ने र घाँस दाउरा गर्ने जस्ता काम गर्न वाध्य बनाउँदथ्यो । एक पटक लिएको ऋण तिर्न १०५ वर्ष सम्म हलिया बस्नु परेको उदाहरण आफैमा कहालीलाग्दो छ । हलियाप्रथाको असर मूलतः सुदुर पश्चिमको समाजमा अधिक छ ।

लामो संघर्ष पश्चात सरकारले हलियाप्रथाको अन्त्यका लागि २०६५ भदौ २१ गते औपचारिक रुपमा आम ऋण माफिसहित मुक्तिको घोषणा गरिसकेको छ तथापि यस प्रथाको समुल अन्त्य र हलिया समुदायको दीगो पुनर्स्थानाको सवाल भने चुनौतिपूर्ण छ ।

अधिकांश मुक्त हलियाहरु भुमीहीन भई आफ्नो बास र हातमुख जोर्न नसक्ने समस्यामा छन् जसले उनीहरुलाई पूर्ण मुक्तिको अनुभुति गराउँदैन । मुक्त कमैयाको हालसम्म पुनर्स्थापना हुन नसकेको अवस्था पुनरावृत्ति हुनसक्ने संभावनाले पनि पूर्ण मुक्तिको अनुभुति गराउंन मद्दत गर्दैन । पुर्व साहुसंगको सम्बन्ध र सामाजिक सुरक्षाको प्रश्न पनि त्यत्तिकै अहम छ ।

उपरोक्त पृष्ठभूमी र मुक्ति घोषणाको १०० दिन पुगिसकेको सन्दर्भमा सरकारी, गैर–सरकारी तथा अन्य निकायहरुबाट मुक्त हलियाहरुको पुनर्स्थापनामा भएका पहलहरु र त्यसको गतिलाई समीक्षा गर्दै दीगो पुनर्स्थापनाको कार्यदिशालाई स्पष्ट गराउन नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ क्रियाशील छ ।

## २. हलिया मुक्तिका लागि विगतमा भएका पहलहरु

हलिया मुक्तिका लागि धेरै प्रयास र पहलहरु भएका थिए र छन् । दलित अधिकार कर्मीहरु, राजनीतिकर्मीहरु, मानव अधिकारवादीहरु तथा विभिन्न राष्ट्रिय⁄अन्तराष्ट्रिय संघसंस्थाहरु विभिन्न समयमा विभिन्न ठाउँवाट आवाजहरु उठाउँदै आएका थिए । तर नेपाल राष्ट्रिय दलित समाज कल्याण संघले हलिया मुक्ति र पुनर्स्थापनाको सवाललाई अभियानकैरुपमा उठायो र उठाउदै आएको छ । यस अभियानलाई सुदूर पश्चिमका सबै जिल्लामा घनिभुत बनाउन संघको जिल्ला शाखा कैलाली र वर्तमान संविधानसभाका माननीय सभाषद् श्री हरि श्रीपाइलीज्यूको अमूल्य योगदान रहेको थियो । लुथरन विश्व फेडेरेसनको साझेदारिताले यस अभियानलाई सशक्त र प्रभावकारी बनाउन जोड पुगेको हो ।

सुदूरपश्चिमको दार्चुला जिल्लाबाट सुरु गरिएको यस अभियानलाई सुदूरपश्चिमका सबै जिल्लाहरुमा विस्तार गर्दै राष्ट्रियस्तरमा समेत सञ्चालन गरिएको थियो । यस अभियानमा हलियाहरुलाई सशक्तिकरण गर्नका लागि हलिया संगठनहरु निर्माण, विस्तार, जनचेतना अभिवृद्धि तथा हलियाहरुको तथ्याङ्क संकलन गर्ने, स्थानीय प्रशासनमा सामुहिक मुद्दा दायर गर्ने जस्ता कार्यहरु जिल्ला तहमा भएका थिए भने केन्द्रीय स्तरमा मिडीया पैरवी, वहस, अन्तरक्रिया, छलफललगायत संघको अगुवाईमा हलियाका तर्फवाट सम्मानित सर्वोच्च अदालतमा मुद्दा दायर गरी हलियाको पक्षमा फैसला समेत भएको थियो । नेपाल राष्ट्रिय दलित समाज कल्याण संघको यस अभियानबाटै हलिया मुक्ति समाज महासंघको स्थापना र सशक्तिकरणसंगै पछिल्ला दिनहरुमा नागरिक समाज, राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय दलित आयोग र इञ्ऋञ्च जस्ता निकायहरुको हलिया मुक्तिको आन्दोलनप्रतिको समर्थन, सुझाव र ऐक्यवद्धता र वर्तमान सरकारको तत्परताले हलिया मुक्ति घोषणा भएको छ । हलिया मुक्तिको न्यायीक आन्दोलनमा स्थानीय प्रशासन र जिल्ला तह देखि सर्वोच्च न्यायलयसम्मले दिएको प्राथमिकता र फैसला त्यत्तिकै महत्वपुर्ण छन ।

## ३. काठमाण्डौ केन्द्रित हलिया आन्दोलन, मुक्तिको घोषणा र सरकारसंगको सहमति

क्षेत्रीय आन्दोलनका अतिरिक्त हलिया मुक्ति समाज महासंघको अगुवाईमा र नेपाल राष्ट्रिय दलित समाज कल्याण संघको सक्रियतामा मिति २०६५ भदौ १० गतेका दिनवाट सुरु भएको काठमाडौ केन्द्रित हलिया मुक्तिको न्यायीक आन्दोलनले अन्तत मिति २०६५ भदौ २० गतको वार्ताद्धारा हलिया मुक्ति समाज महासंघ र सरकारबीच ५ बुंदाहरुमा सहमति भई निकासको ढोका खोलेको थियो । मिति २०६५ भदौ २१ मा माननीय शान्ती तथा पूर्ननिर्माण मन्त्रि जनार्दन शर्माज्यूले हलियाहरु धर्ना कसिरहेकै स्थान माईती घर मण्डलाबाट सरकार र हलिया महासंघ वीचमा भएको ५ वुंदे सहमति पढेर सुनाउदै हलियाहरुको आम ऋण माफी सहित मुक्त भएको घोषणा गर्नु भएको थियो । सहमतिलाई नेपाल सकार (मन्त्रि परिषद) वाट मिति २०६५ भदौ २६ मा अनुमोदन समेत भएको थियो ।

### हलिया मुक्ति महासंघ र सरकार बीच भएको सहमति

(१) पुस्तौं पुस्ता देखि हलियाको परिवारको नाममा रहेको ऋण खारेजी सहित सरकारले औपचारीक रुपमा हलिया मुक्तिको घोषणा गर्ने,

(२) राष्ट्रिय हलिया मुक्ति समाज महासंघका ११ वुदे मागहरु अध्ययन गरी ठोस कार्य गर्न पीडित हलिया र सम्वन्धित व्यक्तिका तर्फवाट ६ जना र सरकारी निकायवाट ३ गरी ९ सदस्सीय कार्यदल गठन गर्ने । उक्त कार्यदलले गठन भएको १५ दिन भित्र प्रतिवेदन पेश गर्ने,

(३) हलिया आन्दोनकारी तथा हलिया परिवारलाई आवश्यकता अनुसार सुरक्षा प्रदान गर्ने,

(४) राष्ट्रिय हलिया मुक्त समाज महासंघका ११ वुंदे मागहरु प्रति सकारात्म रहदै मागहरुको संम्वन्धमा कार्यदलले गरेको सिफसिमा नेपाल सरकारले समस्या सामाधानका लागी कारवाही अगाडी वढाउने,

(५) राष्ट्रिय हलिया मुक्ति समाज महासंघले गर्दै आएका सम्पूर्ण आन्दोलनका कार्यक्रम आजै देखि फिर्ता लिने ।

## ४. मुक्ति घोषणा पश्चातका प्रमुख प्रयासहरु र चुनौतिहरु

### ४.१ कार्यदलको गठन र सुझावहरु

मुक्तिको घोषणासंगै राष्ट्रिय हलिया मुक्ति समाज महासंघका ११ बुदे मागहरु अध्ययन गरी ठोस कार्यगर्न, पिडित हलियाका तर्फवाट ६ जना र सरकारी तर्फवाट ३ गरि जम्मा ९ सदस्सीय कार्य दल गठन गरियो । शान्ती तथा पुननिर्माण मन्त्रालयका सहसचिव श्री विष्णु प्रसाद नेपालको संयोजकत्वमा गठन भएको उक्त कार्यदलमा सरकारी तर्फवाट भूमिसुधार तथा व्यवस्था मन्त्रालयका र श्रम तथा यातायात व्यवस्था मन्त्रालयका एक एक जना उपसचिव र मुक्त हलियाका तर्फवाट क्रमशः श्री राजु राम भूल, श्री चक्र वि.क. श्री सीता वि.क. श्री भक्त विश्वकर्मा, श्री गणेश वि.के. र श्री तारा श्रीपाईली वि.क. रहेका थिए भने माननिय सभाषद श्री हरि श्रीपाईली सल्लाहकार का रुपमा रहनु भएको थियो । यस कार्यदलले मिति २०६५ असोज १० गतेको दिन नेपाल सरकारलाई आफ्नो प्रतिवेदन पेस गर्‍यो ।

प्रतिवेदनले दिएका सुझावहरु सम्क्षिप्तमा निम्न थिए:

१. नेपाल सारकार र महासंघवीच कायम भएको सहमति प्रचार प्रसार तथा कार्यान्वयनका लागी गृह मन्त्रालय मार्फत सम्पूर्ण जिल्ला प्रशासन कार्यालयहरुलाई निर्देशन दिने,

२. हलियाहरुको तथ्याङ्क लिन स्थानीय तथ्याङ्क कार्यलायको सक्रियतामा जि.वि.स. मार्फत गा.वि.स. सचिव, हलिया महासंघका प्रतिनिधि वा हलियासंग आवद्ध अन्य संगठन समावेश भएको एक टोली गठन गर्ने,

३. हलियाहरुको पहिचानको लागी सर्जमिन गराउंदा गा.वि.स. सचिव, स्थानीय राजनैतिक दलहरु, महसंघ वा हलियासंग सम्वद्ध संघ सस्थालाई रोहवरमा राख्ने,

४. प्राप्त तथ्याङ्कका आधारमा उनीहरुको वर्गिकरण गर्ने, परिचय पत्र जारी गर्ने, प्राथामिकता तय गरी पुनर्स्थापनाका कार्यक्रमहरु संचालन गर्ने,

५. हलियाहरुले हाल भोगचलन र वसोवास गरी आएको जग्गा उनीहरुकै नाममा हस्तान्तरण गर्ने व्यवस्था मिलाउने,

६. हलियाहरुको तथ्याङ्क संकलन, परिचयपत्र वितरण, पुर्नर्स्थापना लगाएतका कार्यहरु गर्न हलिया र हलियासंग सम्वन्धित संघ सस्थाहरुको प्रतिनिधिन्व हुने गरी केन्द्रमा एउटा आयोग र जिल्ला स्तरमा पनि एउटा संयन्त्र हुनुपर्ने,

७. हलिया र हलिया जनाउने खालका खलिया, लगि, कमरा, कमारी आदिलाई समेट्ने गरी हलिया श्रम निषेध ऐन वानाईनु पर्ने,

८. मुक्त हलियालाई जिविकोपार्जन, थातवास र सीप विकासका तत्काल राहत उपलव्ध गराउनु पन,

९. मुक्त हलियाहरुलाई आवश्यकता अनुसार राज्यले सुरक्षा प्रदान गर्ने,

१०. हलियाका वालवालीकाहरुलाई उच्च शिक्षा सम्म निशुल्क गर्नुका साथै छात्रवृतिको समेत व्यवस्था गर्नुपर्ने,

११. हलिया समुदायलाई लक्षित गरी आधारभूत स्वास्थ्य सेवा प्रदान गरिनु पर्ने ।

### ४.२ आ.व.२०६५/६६ को बजेटमा हलिया मोचन

आ.व.२०६५/६६ को बजेटमा हलिया प्रथाको समूल अन्त्य गरी हलियाहरुको सम्मानजनक पुनर्स्थापन गर्ने उद्घोष भएको छ। वजेट भाषणमा मुक्त हलिया तथा कमैयाको पुर्नर्स्थापनाको लागि भनी रु.१५ करोड विनियोजन गरिएको छ। मुक्त हलियाको पुर्नर्स्थापनाको लागि कति बजेट हो त्यसको यकिन विवरण भने स्पष्ट छैन ।

### ४.३ मुक्त हलियाहरको तथ्यांक संसलनका लागि समिति गठन

मुक्त हलियाहरको शीर्घ तथ्यांक संसलन गरी सोही आधारमा पुर्नस्थापना कार्यक्रम संचालन गर्ने भनी माननीय सभाषद श्री हरि श्रीपाईलीको संयोजकत्वमा, तथ्यांक विभाग र भूमि सुधार मन्त्रालयका प्रतिनिधीहरु रहने तीन सदस्सीय समिति गठन गरिएको छ । यस समितिले आफ्नो कार्य सुरु गरिसकेको छ । हलिया मुक्ती समाज महासंघसग भएको सम्झौता अनुरुप हलियाहरुको अवस्था थाहा पाउनको लागी नेपाल सरकार शान्ती तथा पुननिर्माण मन्त्रालयले हलिया मुक्ति समाज महासंघ सगको सहकार्यमा तथ्यांक संकलन गर्न कर्मचारीहरु खटाएको छ । यसका लागि १५ लाख वजेट विनियोजन भएको छ ।

### ४.४ शान्ती तथा पुननिर्माण मनत्रालयको प्रतिवद्धता

माननीय शान्ती तथा पुननिर्माण मन्त्रि श्री जनार्दन शर्माले व्यक्त गरको प्रतिवद्धता र तत्परता र माननीय श्रम मन्त्रि लेखराज भट्टले दिएको ढाडस मुक्त हलियाको पुनस्थापनाका लागि एक प्रमुख भरोसा बनेको छ । उक्त प्रतिबद्धतालाई राज्यका संयन्त्रहरुद्धारा व्यवहारमा उतार्न जरुरी छ ।

### ४.५ हलिया मुक्ति समाज महासंघको पहल

हलिया मुक्ति समाज महासंघले हलियाहरुको वस्ती वस्तीमा पुगी मूक्तिको घोषणा तथा प्रचार प्रसार गर्ने कार्य गरिरहेको छ । रित्तैहात फिर्ता नहुने र घर तथा जग्गा उनीहरुकै नाममा हुनुपर्ने नारा सहित मुक्त हलियालाई संगठित गर्ने कार्य भईरहेको छ । पहिला १०८ वटा समिति भएको हलिया मुक्ति समाज महासंघ हाल थप २५ वटा विस्तार गरेको छ । त्यसैगरि यी समितिहरुले आफ्ना तह र तप्काहरुमा लवि, घोषणाको फोटोकपी वितरण लगाउयत सरकारी पक्षहरु संग समन्वयन गर्ने कार्यहरु पनि द्रुत गतिमा बढाईरहेका छन ।

**४.६ नेपाल राष्ट्रिय दलित समाज कल्याणको पहल**

नेपाल राष्ट्रिय दलित समाज कल्याण संघले मुक्त हलियाहरुको दिगो पुर्नस्थापनाका पक्षमा जिल्लास्तरमा हलिया मुक्ति समाज महासंघसंग समन्वय गर्ने र राष्ट्रियस्तरमा सरकार, अन्तृराष्ट्रिय दातृ निकाय र विभिन्न संघसंस्थाहरु छलफल, अनर्तक्रिया तथा लविहरु गर्ने गरको छ । हाल सम्म संघले दर्जनौ अन्तृराष्ट्रिय संस्थारुमा मुक्तहलियाहरुको सवालमा छलफलहरु गरको छ । निकट भविश्यमा विभिन्न यस सवालमा सरोकार रहने संघ सस्थाहरु मिली मुक्त हलियाहरुको शीघ्र पुनर्स्थापनाका लागि दवाव समुह तयार गर्न पनि संघले पहल सुरु गरेको छ । मुक्त हलियाहरुको सवाललाई हलिया मुक्ति समाज महासंघसंग समन्वयमा राष्ट्रियस्तरबाट उठान गर्न समेत संघले भुमिका खेलेको छ ।

**४.७ राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ सस्थाहरुको चासो**

त्यसैगरि दलित गैह्र सरकारी संस्था महासंघ, आर.डि.एन. लगायतका दलित संघ सस्था र भूमिअधिकार सम्वन्धी संघसस्थाहरुले पनि विभिन्न क्षेत्रवाट हलियाहरुलाई पुर्नस्थापना गराउने पहल जारी राखेका छन् । नागरिक समाज, राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय दलित आयोग र इज्ऋज्च जस्ता संस्थाहरुको चासो बढ्नु अर्को उपलब्धि बनेको छ । यी संस्थाहरुको संलग्नताले मुक्त हलियाहरुको दिगो पुर्नस्थापनाका लागि दवाव सर्जना हुनेछ । आम संचार माध्यमहरुमा हलिया पुर्नस्थापनाका सवालहरुले स्थान पाउन थालेका छन ।

विभिन्न अन्तृराष्ट्रिय दातृ निकाय र संस्थाहरुको बढ्दो चासो त्यतिकै महत्वपूर्ण छ । लुथरन विश्व फेडेरेसनले मुक्त हलियाहरुको जीविकोपार्जन सुधारका लागि नयां परियोजना छिट्टै कायान्वयन गर्दैछ  भने अन्य संस्थाहरु पनि त्यसमा चासो देखाएका छन ।

**५. मुक्त हलियाहरुको वर्तमान अवस्था र चुनौतिहरु**

मुक्ती पश्चात जीवनका नयाँ सपनाहरु देख्न थालेका मुक्त हलियाहरुमा सामाजिक असुरक्षा र हात मुख जोर्ने समस्या चर्किन थालेको छ । एकातिर साहुले तिमीहरु अव मुक्त भएका छौ तिमीहरुलाई सरकारले जग्गा दिन्छ, अव हामीसँग नवस भनि धाक धम्कीहरु दिने गरेका छन भने अर्को तिर सरकारी निकायमा न्याय माग्न जांदा पनि आफुहरुलाई माथि केन्द्रबाट केहि आदेश नआएको भन्दै रित्तो हात फर्काइने हुंदा हलियाहरु एक प्रकारको अलपत्र जीवन व्यतित गरिरहेका छन् ।

पुर्व साहुहरुबाट तिमीहरु हाम्रा काम छोडेर, हाम्रो ऋण खाएर हाम्रै विरुद्ध आन्दोलन गर्ने अव तिमीहरु मेरो ऋण चुक्ता गरिदिएर मेरो घर जग्गा छोडेर जाउ भन्ने र घर नछोडेको आरोपमा कुट, पिट, धाक धम्की तथा शारीरिक मानसिक यातनाहरु दिने क्रमहरु समेत दिनप्रतिदिन बढि रहेका छन । जसको ज्वलन्त उदारणका लागि बाजुरा, चैनपूरका मोहनलाल सार्कीलाई साहु प्रेम वहादुर कठैतले ज्याला नदिई गाली गलौज गरी घरबाट निकालीदिएका छन भने बैतडिका नन्दराम मोहरलाई रघुविर चन्दले कुटपीट गरेर घरवाट निकालिदिएका छन् । यी प्रतिनिधि घट्नाहरु हुन जसले यस सवालको गाम्भिर्यतालाई र चुनोतिहरलाई अनुमान गर्न मद्दत गर्दछन ।

**६.अवको वाटो**

हलिया मुक्त घोषण भएको १०० दिन पुगिसकेको छ तर मुक्त हलियाहरुको बहुमुखी समस्या समाधानका लागि भएका पहलहरु पर्याप्त छैनन् । मुक्त घोषणा गरिदैमा हलियाका समस्याहरु सामाधान हुदैन, उनिहरुको दिगो पुनर्स्थापना र सामाजिक सुरक्षा आजको मुख्य सवाल हो । पुर्व कमैयाहरुको पुनर्स्थापनामा भएको गल्तीलाई दोहोरिन नदिन समेत सरकारबाट ठोस पहल र नागरिक समाजको जागरुकता जरुरी छ । मुक्त हलियाहरुको वैज्ञानिक ढंगबाट दिगो पुनर्स्थापनाका लागि कार्यदले दिएका ११ बुँदे सुझावको पुर्ण कायान्वयनका लागि एक अधिकार सम्पन्न आयोग गठन गरिनुका साथै एउटा छुटटै ऐन निर्माण गर्नुपर्ने देखिन्छ, यसका लागि सभासदज्युहरुको अहम् भुमिका देखिन्छ । मुक्त हलिया समुदायको लागि सरकारी तथा गैरसरकारी क्षेत्रबाट परिचालित स्रोतहरुको लक्षित समुदायको पक्षमा गराउन संबन्धित निकायहरुसंगको समन्वय र सहकार्य पनि त्यत्तिकै आशयक छ । आम संचार माध्यमले यस सवाललाई दिने महत्वले पनि यसको दीर्घकालीन समाधानमा बल पुराउने छ ।

**धन्यावाद !**

नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ

पौष ६, २०६५